मनहरी गाउँपालिका

रजैया, मकवानपुर

# कानून निर्माण सिफारिस समितिको बार्षिक प्रगति प्रतिवेदन

आ. ब. २०८०/८१

प्रतिवेदक

दीपेन्द्र अधिकारी

क) पृष्ठभुमि :

नेपालको संविधानको प्रस्तावनामा नै उल्लेख गरिएको संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थाको आकांक्षालाई व्यवहारमा रुपान्तरण गर्नको लागि कानूनको आवश्यकता पर्दछ । कानूनको निर्माण र कार्यान्वयन भए पश्चात मात्र कानूनी राज्यको परिकल्पना पुरा भएको मान्न सकिन्छ । विधिशास्त्रीय दृष्टीकोणमा सरकारको मुलभुत काम कानून र नीतिको तर्जुमा, कानून र नीतिको कार्यान्वयन र कानुन र नीतिको व्याख्या हो ।

संघीयता कार्यान्वयनसंगै नेपाल अधिराज्यको संविधान २०७२ ले प्रदान गरेका अधिकारहरु सहित स्थापित भएका स्वायत्त संघीय एकाईहरुलको लागि नेपालको संविधानको अनुसुचि ५ देखी ९ सम्म संघ प्रदेश र स्थानीय तहका एकल र साझा अधिकार सुचिको व्यवस्था गरिएको छ । सोही अधिकार विन्यासको सूचीमा आधारित भएर तीनै तहले आ- आफ्नो अधिकार क्षेत्रमा कानून निर्माण गर्न सक्दछन् ।स्थानीय तहको लागि संविधानको धारा २२६ मा उल्लेखित व्यवस्था बमोजिम गाउँ सभा/ नगर सभाले अनुसुचि ८ र ९ बमोजिमका २२ र १५ गरी ३७ वटा विषयमा आवश्यक कानून बनाउन सक्ने प्रावधान उल्लेख भए अनुसार स्थानीय तहको व्यवस्थापिकाको रुपमा रहेको गाउँसभा र नगरसभाले स्थानीय तहको एकल अधिकारका विषयमा आफ्नो नीति, कानून, मापदण्ड आझैं बनाउन सक्ने र साझा अधिकारका हकमा नेपालको संविधान तथा संघीय एवं प्रदेश कानूनसंग नबाझिने र दोहोरो नपर्ने गरी ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्डहरु बनाउन सक्दछन् ।

कानून निर्माणलाई संकुचित अर्थमा कानूनको तर्जुमा मात्र भनेपनि व्यापक अर्थमा कानूनको तर्जुमा देखी कानूनको कार्यान्वयन सम्मको प्रक्रियालाई लिईन्छ । कानून निर्माणले नयाँ कानूनको निर्माण मात्र नभई कानूनको संशोधन तथा परिमार्जनलाई समेतलाई बुझाउँदछ । कानूनले ऐन मात्र नभई ऐन अन्तर्गत बन्ने नियम, विनियम, कार्यविधि, निर्देशिका तथा मापदण्डलाई समेत जनाँदछ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय कानून सम्बन्धी प्रावधानमा गाउँसभा वा नगरसभाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्नेछ । निर्मित ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाउन सक्नेछ भनि उल्लेख भए अनुसार मनहरी गाउँपालिकाले गाउँसभा र गाउँकार्यपालिकाले अनुसुचिमा उल्लेखित विषयमा कानून निर्माण गर्दै आएको छ ।

राज्यद्वारा स्थानीय तहको लागि अख्तियार गरेका विषयलाई कार्यान्वयन गर्न कार्यपालिका मार्फत ऐन अन्तर्गत निर्मित हुने नियम, विनियम, कार्यविधि, निर्देशिका तथा मापदण्डका मस्यौदा माथि बृहत छलफल गरी गाउँकार्यपालिका बैठकमा सिफारिस गर्ने उद्देश्यले मिति २०८०/०९/०४ गतेको नवौं गाउकार्यपालिका बैठकले वडा नं. ५ का वडा अध्यक्ष श्री दिपेन्द्र अधिकारीज्यूको संयोजकत्वमा तपसिलका पदाधिकारी रहने गरी एक कानून निर्माण सिफारिस समिति गठन भएको थियो।

तपसिलः

१. श्री दिपेन्द्र अधिकारी — संयोजक

२. श्री सविता सुवेदी - सदस्य

३. श्री मिरा खत्री — सदस्य

४. प्रशासन शाखा प्रमुख — सदस्य सचिब

ख) उदेश्य : स्थानीय तहको अधिकारकोक्षेत्राधिकारको विषयमा आवश्यकता पहिचान भएका नियम, विनियम, कार्यविधि, निर्देशिका तथा मापदण्डका मस्यौदा माथि दफावार छलफल गरी गाउँकार्यपालिका बैठकमा सीपारिस गर्ने प्रयोजनको लागि कानून निर्माण सिफारिस समितिको उद्देश्यलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

- निर्मिति कानूनको मस्यौदाको उद्देश्य र कारण स्पष्ट तथा वस्तुनिष्ठ छ छैन एकिन गर्ने,
- प्रस्तावित कानून बनाउदा आर्थिक व्ययभार पर्ने नपर्ने, पर्ने भए बजेटको सुनिश्चितता भए नभएको एकिन गर्ने,
- प्रस्तावित कानूनको मस्यौदा उपर दफावार छलफल हुदाँ संभव भए सम्म सरोकारबालाको सहभागिता सुनिश्चित गर्ने, बढी सहभागितमक बनाउने,
- मस्यौदाको दफावार छलफलका क्रममा आएका प्रावधानहरुको मनहरी गाउपालिकाको भुगोल, जनसंख्या, सामाजिक साँस्कृतिक अबवस्था अनुरुप स्थानीयकरण गर्ने जोड दिने,
- साझा अधिकारका विषयमा कानून बनाउदाँ सके सम्म संविधान, तथा संघीय एवं प्रादेशिक कानूनसंग नबाझिने र दोहोरो नपर्ने गरी कार्यपालिका बोर्डलाई सिफारिस गर्ने,

ग) आ.व. ०८०/०८१ को कामकारबाही : मिति २०८०/००९/०४ गतेको गाउँकार्यपालिका बैठकको निर्णानुसार गठित कानून निर्माण सिफारिस समितिको विभिन्न मितिमा जम्मा ९ वटा बैठक बसी २५ वटा विभिन्न नयाँ तथा संशोधित ऐन, कार्यविधि, निर्देशिका, नियमावली उपर दफावार छलफल गरी आवश्यक संशोधन सहित स्वीकृतिको लागि कार्यपालिका बैठकमा सिफारिस गरिएको छ । जसको विस्तृत विवरण देहाय बमोजिम उल्लेख गरिएको छ ।

तपसिल :

| क्र. सं. | ऐन, कार्यविधि, निर्देशिकाको नाम | समितिमा दफावार छलफल भएको मिति | कार्यपालिका/सभाबाट स्वीकृत मिति | कैफियत |
|---|---|---|---|---|
| १ | मनहरी गाउँपालिकाको सुशासन ऐन, २०८० | २०८०/०९/२० | २०८०/०९/२९ | |
| २ | खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी ऐन, २०८० | | २०८०/०९/२९ | |

| | | | | |
|---|---|---|---|---|
| ३ | व्यवसाय दर्ता, नवीकरण सम्बन्धी कार्यविधि, २०८० | २०८०/११/१२ | २०८०/११/३० | |
| ४ | मनहरी गाउँपालिकाको बहुवर्षिय ठेक्का बन्दोबस्त सम्बन्धि कार्यविधि, २०८० | | २०८०/११/३० | |
| ५ | सामुदायिक बन व्यवस्थापन कार्यविधि, २०८० | २०८०/११/१४ | २०८०/११/३० | |
| ६ | स्थानीय खाद्य समन्वय समिति(गठन तथा संचालन) सम्बन्धी कार्यविधि, २०८० | | - | |
| ७ | मनहरी गाउँपालिकाको ढुङ्गा, गिट्टी, वालुवा आदी उत्खनन्, विक्रि तथा वितरण सम्बन्धी कार्यविधि, २०८० | | २०८०/१२/१८ | |
| ८ | मनहरी गाउँपालिकाको सुशासन नियमावली, २०८० | | २०८०/१२/१८ | |
| ९ | मनहरी गाउपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण नियमावली, २०८० | | २०८०/१२/१८ | |
| १० | मनहरी गाउँपालिकाको कृषि तथा पशुपंक्षी सेवा केन्द्र संचालन कार्यविधि, २०८१ | २०८१/०२/०१ | २०८१/०३/०४ | |
| ११ | मनहरी गाउँपालिकाको आयोजना/ कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० को पहिलो संशोधन | | २०८१/०२/२० | |
| १२ | अनुदान, राहत तथा आर्थिक सहायता व्यवस्थापन कार्यविधि, २०८१ | २०८१/०२/०१ | २०८१/०२/२० | |
| १३ | स्थानीय विमा संयोजन समिति गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०८१ | | २०८१/०२/२० | |
| १४ | मनहरी गाउँपालिकाको फोहोरमैला व्यवस्थापन निर्देशिका, २०८१ | | २०८१/०३/०४ | |
| १५ | मनहरी गाउँपालिकाको सहकारी नियमावली, २०८१ | २०८१/०२/०६ | २०८१/०२/२० | |
| १६ | मनहरी गाउँपालिकाको संस्था दर्ता ऐन, २०८१ | | २०८१/०३/२० | |
| १७ | मनहरी गाउँपालिकाको संस्था दर्ता नियमावली, २०८१ | | २०८१/०४/१३ | |
| १८ | मनहरी गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने नियमावलि, २०८१ | २०८१/०२/०७ | २०८१/०२/२० | |
| १९ | मनहरी गाउँपालिकाको अन्तर सरकार समन्वय सहकार्य र साझेदारी सम्बन्धी कार्यविधि, २०८१ | | २०८१/०२/२० | |
| २० | मनहरी गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८१ | | २०८१/०२/२० | |
| २१ | मनहरी गाउँपालिका रोजगार संवाद मन्च संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ | २०८१/०३/०१ | २०८१/०३/०४ | |

| | | | | |
|---|---|---|---|---|
| २२ | मनहरी गाउँपालिकाको आकस्मिक कोष ऐन, २०८१ | | २०८१/०३/२० | |
| २३ | मनहरी गाउँपालिकाको सेवा प्रवाह मापदण्ड, २०८१ | | २०८१/०३/०४ | |
| २४ | मनहरी गाउपालिकाको भवन नियमित तथा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८१ | | २०८१/०३/०४ | |
| २५ | मनहरी गाउँपालिका HIV सङ्क्रमित सहयोग सम्बन्धी मापदण्ड, २०८१ | २०८१/०३/०७ | २०८१/०३/०९ | |

घ) सबल पक्षहरु :

- मस्यौदामा राय परामर्श गर्दा विज्ञ, सरोकारबाला र स्थानीय स्तरमा उपलब्ध कानूनका विज्ञसंग छलफल गर्ने गरेको
- स्थानीय तह आफ्नो क्षेत्राधिकारको विषयमा आफै कानून बनाउन सक्ने स्वतन्त्र स्वायत्त निकायको रुपमा रहको
- कानून निर्माण सिफारिस समिति गठन भई आवश्यकता अनुसार नियमित बैठक बस्ने गरेको
- कानून निर्माण सिफारिस समितिमा सम्बन्धित विषयगत शाखाको उपस्थितिमा बैठक बसी दफावार छलफल हुने गरेको
- स्थानीय आवश्यकता र परिवेशका आधारमा कानून निर्माण गर्ने प्रयास भएको
- संशोधनका विषयमा छलफल हुने गरेको
- कानून निर्माणको लागि उपलब्ध जनशक्ति संग विषयगत ज्ञान नहुदा सेवा परामर्शमा खरिद गर्ने गरेको

ङ) कामबारबाही सम्पादन गर्दा आईपरेका समस्या र चुनौतीहरु :

- स्थानीय तहलाई साझा अधिकारका विषयमा कानून बनाउन अप्ठेरो तथा द्विवीधा रहेको,
- संघ, प्रदेश र स्थानीय तहबीच समन्वयको समस्या रहेको
- आवश्यकता अनुशार विषयविज्ञताको कमी रहेको, कानून निर्माणमा दक्ष जनशक्तिको अभाव रहेको,
- कानून निर्माण पूर्व विषयगत अध्ययन, अनुसन्धान हुन नसकेको,
- संघबाट बन्नु पर्ने संघीय कानून आधार, मापदण्ड तोकिने कानूनहर समयमा बन्न नसक्दा तत्संग सम्बन्धित कानून निर्माण र विषयको नियमन गर्नमा समस्या रहेको,
- जनप्रतिनिधिहरुमा कानुन निर्माणको प्रक्रियाको बारेमा प्रयाप्त ज्ञानको अभाव
- कानून निर्माण प्रक्रियामा संलग्न जनप्रतिनिधि तथा कर्मचारीको लागि क्षमता विकासका कार्यक्रम संचालन नहुनु ।

च) सुझावहरु :

- गाउँपालिकामा छुट्टै कानून उपशाखाको स्थापना गरी विज्ञ जनशक्तिको व्यवस्थापन हुनुपर्ने,
- संविधान बमोजिम समयमा कानून निर्माण, त्यसको कार्यान्वयन एवं मूल्याङ्कनको व्यवस्था हुनुपर्ने,

- साझा अधिकारका विषयमा कानून निर्माण गर्दा सम्बन्धित संघीय कानून र प्रदेश कानूनसंग नबाझिने गरी तयार गर्ने, तत्तसम्बन्धमा समन्वय, छलफल तथा परामर्श गर्नुपर्ने,
- जनप्रतिनिधि निर्वाचित भए लगत्तै स्थानीय तहको विधायिकी क्षेत्राधिकार र कानून निर्माण प्रक्रिया सम्बन्धमा अभिमुखिकरण कार्यक्रम संचालन गर्नुपर्ने,
- स्थानीय तहको विधायकी प्रक्रियामा संस्थागत स्मरणको व्यवस्थापन बलियो बनाउनु पर्ने ।

छ) निश्कर्ष :

राज्यले अबलम्बन गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रक्रियालाई संस्थागत गर्ने क्रममा संविधानको अनुसुचि ८ र ९ मा उल्लेखित क्षेत्राधिकारका विषयलाई सरकारको हैसियतमा सेवा प्रवाह गर्न आवश्यक पर्ने कानूनी प्रबन्ध गर्दै आएको अबस्था छ । यद्यपि कानून निर्माणको विधि प्रक्रिया र संस्थागत क्षमताले भर्खर बामे सराईको अबस्थामा रहदाँ केही समस्याहरुको सामाना गर्नु परेको विद्यमान परिवेशमा कानून निर्माण संग सम्बन्धित जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरेर अघि बढ्न सकिने प्रशस्त अवसरहरु भने कायमै छन् ।

दीपेन्द्र अधिकारी
संयोजक
कानून निर्माण सिफारिस समिति
मनहरी गाउँपालिका